# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### प्रगतिनगर, नवलपरासी ( बर्दघाट सुस्ता पूर्व ) जिल्ला
### गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५३९६, ५७५०१०
Website: www.devchulimun.gov.np

प.सं.०७५/७६
च. नं.

मिति :- २०७६/०३/०३

**प्रेस विज्ञप्ति**

यस देवचुली नगरपालिकाको आगामी आ.व. २०७६/०७७ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा नीतिगत सुझाब संकलनका लागि आज मिति २०७६ असार ३ गते मंगलबारका दिन दलदले स्थित साहारा पार्टी प्यालेसमा देवचुली नगरपालिकाका राजनीतिक दलका प्रमुख एंव प्रतिनिधि, स्थानीय तह निर्वाचन, २०७४ का प्रमुख, उपप्रमुख र वडा अध्यक्ष पदका उपविजेता, देवचुली उद्योग वाणिज्य संघका अध्यक्ष, देवचुली नगर बालसंजालका अध्यक्ष, पत्रकार, निर्वाचित वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरपालिकाका विषयगत शाखा प्रमुख समेत ९० जना सहभागीहरुको उपस्थिति रहेको छ।

देवचुली नगरपालिकाका नगर प्रमुख पूर्णकुमार श्रेष्ठले अध्यक्षता गर्नुभएको यस कार्यक्रममा नगर उपप्रमुख पार्वता तिवारीले स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्नुभएको छ। छलफल सत्रको सहजीकरण प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद भुसालले गर्नु भएको छ। नगर प्रमुखबाट चालु आ.व. २०७५/०७६ को प्रगति विवरण र आगामी आ.व.२०७६/०७७ को अनुमानित आय व्ययको विवरण समेत प्रस्तुत भएको छ। सहभागीहरुको तर्फबाट नगरपालिकालाई आगामी दिनमा विकासका योजना तथा कार्यक्रम तर्जुमा गर्दा नीतिगत स्पष्टताका आधारमा गर्नुपर्ने र नागरिकको आवश्यकता तथा नगरपालिकाको आर्थिक,भौगोलिक, सामाजिक सांस्कृतिक अबस्था अनुरुप कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, भूमिव्यबस्था, भूउपयोग, फोहरमैला व्यबस्थापन, सहकारी सुशासन, विपद् व्यबस्थापन, पर्यावरण लगायतका विषयमा नीति बनाई अगाडि बढ्नुपर्ने सुझाब प्राप्त भएको छ। दिनको ३:०० बजेबाट शुरु भै बेलुकाको ७:१५ बजेसम्म चलेको छलफल कार्यक्रम आगामी वर्ष समेत संचालन हुने गरी समापन भएको छ।

.............................
क्या. डिल बहादुर खत्री
प्रवक्ता , नगरकार्यपालिका
देवचुली नगरपालिका